# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विराटचोक, मोरङ

**सामान लिलाम बिक्री सम्बन्धी सूचना**

(पहिलो पटक प्रकाशित मिति २०८३-०६-०७ गते)

मिति २०८२/०५/२४ गते जेन्जी आन्दोलनको क्रममा भएको आगजनी, तोडफोड तथा लुटपाटबाट यस कार्यालयको भौतिक संरचना, सवारी साधन, मेशिनरी औजार तथा कार्यालयका अन्य सम्पत्तिमा गम्भिर क्षति भई पुन: प्रयोग गर्न नसकिने भएको हकमा भौतिक संरचना, सवारी तथा अन्य साधन, मेशिनरी औजार उपकरण र सफ्टवेयर, फर्निचर आदिको पन्ध्र दिन भित्र मिनाहा गर्ने गरि २०८२/०६/०५ को मन्त्रिपरिषद्को निर्णय र आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिमको मिनाहा समितिबाट यस कार्यालयमा क्षति भएको र पुनः प्रयोग गर्न नमिल्ने जिन्सी तथा सम्पत्तिको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ बमोजिमको मिनाहा सिफारिस समितिबाट सम्पत्ति तथा जिन्सी मालसामानको न्युनतम लिलाम विक्री मूल्य कायम गरी सूचना प्रकाशित गरी लिलाम विक्री गर्ने मिति २०८३/०१/२८ गतेको निर्णय/सिफारिस बमोजिम यस कार्यालयको परिसरमा रहेका जेन्जी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएका यस कार्यालयको पत्रु सम्पत्ति तथा जिन्सी मालसामानको पहिलो पटक लिलाम हुने भएकोले लिलाम कबोल गरी लिलाम सकार गर्न चाहने सम्बन्धित सबैको जानकारीको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावंली, २०७७ को नियम १०८(१)(ख) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. इच्छुक बोलपत्रदाताले मिति २०८३/०६/२१ गते दिनको ५.०० बजेसम्ममा सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको राजश्व शाखामा वा तोकिएको बैंकमा रु १,०००/- (फिर्ता नहुने गरी) जम्मा गरेकोको रसिद/भौचर राखी सम्मत्ति व्यवस्थापन उप शाखाबाट बोलपत्र कागजपत्र खरिद गर्न सकिनेछ ।

२. ईच्छुक बोलपत्रदाताले मिति २०८३/०६/२२ गते विहान् १२:०० बजेसम्ममा बोलपत्र काजगातमा तोकीए बमोजिमको बिबरणहरु भरी अध्यावधिक फर्म/कम्पनीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी (आ.व २०८१/०८२ तथा म्यादथप आवस्यक पर्नेभए सो समेत) सिलबन्दीमा संलग्न राखी कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. सि नं २ बमोजिम रितपुर्वक पेष भएका बोलपत्र दाताहरुको बोलपत्र मिति २०८३/०६/२२ गते दिनको २:०० बजे बोलपत्र दाताहरुको उपस्थितिमा यसकार्यालयमा खोलिने छ । कबोलदाता उपस्थित नभए पनि कबोलपत्र खोल्न वाधा पर्ने छैन । लिलाम सिलबन्दी खोल्न तोकिएको दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लिलाम सिलबन्दी खोलिनेछ ।

४. मिनाहा मूल्याङ्कन समितिको अन्तिम बैठकबाट कायम भएको न्यूनतम मूल्य भ्याट बाहेक रु ३,४८,५३४/- (तीन लाख अड्चालिस हजार पाँच सय चौतिस) लाई न्यूनतम कबोल अंक कायम गरिएको छ ।

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विराटचोक, मोरङ

५. बोलपत्र दाताले आफुले कबोल गरेको मु अ कर बाहेकको अङ्कको १० (दश) प्रतिशतले हुन आउने रकम बोलपत्र जमानत बापत सिलबन्दी कबोलपत्रसँगै तोकिएको बैंकको धरौटी खातामा दाखिला गरि पेश गर्नुपर्नेछ ।

६. सवैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकार गरिने छ ।

७. कबोल रकमको पुरा रकम जम्मा नगरेसम्म सकार सामान उठाई लैजान पाइने छैन । बोलकबोलको सम्पूर्ण रकम जम्मा गरी सम्झौता गरेको मितिले ३० दिन भित्र सकार सामानहरु उठाई लगिसक्नुपर्नेछ ।

८. कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. कबोल रकममा कुनै छुट सुविधा उपलब्ध गराइने छैन ।

१०. ईच्छुक फर्म/कम्पनीले लिलाम हुने मालसामानहरु हेर्न चाहेमा कार्यालय समयमा सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ । लिलाम हुने मालसामानहरुको एकमुष्ठ रुपमा बोलकबोल गर्नुपर्नेछ ।

११. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताले नाम, थर, ठेगाना र सम्पर्क मोवाइल नम्बर समेत खुलाई पेश गर्नुपर्नेछ ।

१२. रित नपुगेका वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्तसहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस कार्यालयको सम्पत्ति व्यवस्थापन उप शाखामा सम्पर्क राख्नुहोला ।

१५. सम्झौता गर्न नआएमा वा सम्झौता शर्त पालना नगरेमा कानुन बमोजिम हुनेछ । साथै अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटचोक, मोरङ

लिलाम हुने सम्पत्तिको विवरण

| सि.नं | विवरण | ईकाइ | परिमाण | कायम मुल्य (मु.अ.क बाहेक) | मु.अ.क (बाहेक) जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टिनाजन्य सामाग्री | के.जी. | २४४० | २७ | ६५८८० | |
| २ | फलाम जन्य सामाग्री | के.जी. | २०१४ | ४६ | ९२६४४ | |
| ३ | आलमुनियम जन्य सामाग्री | के.जी. | २०० | २५९ | ५१८०० | |
| ४ | काठ जन्य सामाग्री | के.जी. | ३६० | १० | ३६०० | |
| ५ | १५० AMP ब्याट्री | गोटा | १४ | ३३१३ | ४६३८२ | |
| ६ | १०० AMP ब्याट्री | गोटा | ४ | २३५० | ९४०० | |
| ७ | AC को बाहिरी भाग | गोटा | १८ | ४२३६ | ७६२४८ | |
| ८ | डिप फ्रिज जलेको सानो साइज | गोटा | १ | १५०० | १५०० | |
| ९ | बिजुली तार | के.जी. | २० | ५४ | १०८० | |
| | जम्मा | | | | ३,४८,५३४ | |

नोटः- बैंक खाताहरुको विवरण

बोलपत्र शुल्क बुझाउने खाताः(रु १००० बुझाउने खाता)

कृषि विकास बैंकमा रहेको तपसिल बमोजिमको खाता विवरण वा नगरपालिकाको राजश्व शाखामा जम्मा गर्न सकिनेछ ।

नामः सुन्दरहरैंचा नगरपालिका

खाता नं. ०६०१५०११४७६३०१४६

कबोल रकमको १० प्रतिशत जम्मा गर्ने धरौटी खाताः

कृषि विकास बैंकमा रहेको तपसिल बमोजिमको खाता

नामः सुन्दरहरैंचा नगरपालिका

खाता नं. ०६०१५०११४७६३००३०

इति संवत् २०८३ साल असोज ०७ गते रोज ४ शुभम् ..................................।

# सुन्दरहरैंचा नगरपालिका

## विराटचोक, मोरङ

## लिलाम विक्री बोलकवोल फारम

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुन्दरहरैंचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
विराटचोक, मोरङ ।

विषयः- बोलकबोल प्रस्ताव पेश गरेको बारे ।

सुन्दरहरैंचा नगरपालिका कार्यालयकबाट मिति २०८३/०६/०७ गतेको ब्लास्ट टाईम राष्टिय दैनिक पत्रिकामा प्रकाशित लिलाम विक्री सम्बन्धी सूचना अनुसार उल्लेखित सामान/सम्पत्ति म/हामीले लिलाम सिलबन्दी बोलकबोल प्रकृया मार्फत खरिद गर्न मञ्जुर भई यो सिलबन्दी बोलकबोल प्रस्तव पेश गरेको छु/छौं ।

**१. बोलपत्रदाता (निवेदक) को विवरणः**

- व्यक्ति वा फर्म/संस्थाको नामः
- प्रोपाईटरको नाम (फर्म भएमा)-
- स्थायी ठेगानाः
- हालको ठेगानाः
- नागरिकता नं (व्यक्तिको हकमा)- ..............................जारी जिल्ला/मितिः.................
- स्थायी लेखा नम्बर (पान/भ्याट नं)...............................................................

**२. बोलकबोल गरिएको सामान र कबोल रकमको विवरणः**

| क्र. सं. | लिलाम हुने सामान/सम्पत्तिको विवरण | परिमाण | न्यूनतम मूल्य (भ्याट बाहेक रु) | कबोल गरेको रकम अंक र अक्षरमा दुवैमा | |
|---|---|---|---|---|---|
| १ | सुन्दरहरैंचा नगरपालिका कार्यालयमा जेन्जी आन्दोलनको क्रममा क्षति भई प्रयोगमा नआएका सामाग्रीहरु | एकमुष्ठ | ३,४८,५३४/- (तीन लाख अड्चालिस हजार पाँच सय चौतिस ।) | कबोल रकम भ्याट बाहेक रु. | |
| | | | | १३ %भ्याट रकम रु. | |
| | | | | जम्मा रकम रु. | |
| | | | | जम्मा कबोल रकम अक्षरमा रु. | |

................................
गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

## ३. धरौटी रकमको विवरणः

लिलाम नियम अनुसार आवश्यक पर्ने धरौटी वापतको रकम (कबोल अंकको १० प्रतिशत) निम्न बमोजिम यसै साथ संलग्न राखिएको छ ।

- धरौटी रकम (अंकमा)- रु................................ अक्षरमाः ................................
  ................................................................................................ ..........
- बैंक भौचर नं.................................................... मिति ................................
- बैंकको नाम र शाखाः..................................................................................

## ४. सर्तहरुः

- मैले/हामीले कबोल गरेको रकम स्वीकृत भएमा कार्यालयले तोकेको अवधिभित्र बाँकी सम्पूर्ण रकम बुझाई सामान बुझिलिनेछु/छौं ।
- तोकिएको म्यादभित्र रकम नबुझाएमा मेरो/हाम्रो यो धरौटी रकम जफत भएमा मेरो/हाम्रो कुनै गुनासो वा दावी रहने छैन ।
- लिलाम सम्बन्धी सूचनामा उल्लेखित सम्पूर्ण सर्तहरु मलाई/हामीलाई पूर्ण रुपमा मञ्जुर छ ।

## ५. सिलबन्दी बोलकबोल गर्नेको:

- नामः.........................................................................................................
- औंठा छाप (दायाँ/बाँया)

| | |
|---|---|
| | |

................................
बोलकबोल गर्नेको दस्तखत
मितिः..........................

- कार्यालयको छाप (फर्म/कम्पनी भएमा)-

## संलग्न गर्नुपर्ने कागजपत्रहरुः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी (व्यक्तिको हकमा)
- फर्म/कम्पनी दर्ता र नवीकरण प्रमाणपत्रको र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा)
- स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी
- बैंकमा धरौटी जम्मा गरेको सक्कल भौचर